मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २७ गते आइतवार (Sunday, 9 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## रसिया पठाउने भन्दै १० लाखभन्दा बढी ठगी

**झापा, जेठ २६।** रौतहटको यमुनामाई गाउँपलिका वडा नं. २ का विद्यार्थी भिसामा रसिया पठाइदिने भन्दै १० लाखभन्दा बढी रकम ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको छ ।

रसियन एम्बेसीबाट जारी भएको भनी नक्कली कागजातहरु देखाई विश्वासमा पारी यमुनामाई -२ बस्ने जीतेन्द्रकुमार यादवसँग १० लाख ७० हजार ७२० रुपैयाँ ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा यमुनामाई -२ बस्ने २३ वर्षीय राहुलकुमार प्रजापति रहेका छन् । उनलाई अन्य ठाउँमा लुकाछिपी

*(बाँकी अन्तिम पृष्ठमा)*

## योजना बैंक नहुँदा स्थानीय तहमा उपलब्धि न्यून




**काठमाडौँ, जेठ २६।** स्थानीय तहले निर्माण गर्ने अधिकांश बजेट भौतिक पूर्वाधारमा खर्च गर्ने गरिए पनि स्थानीय तहमा योजना बैङ्कको अभावमा उपलब्धि न्यून बन्दै गएको छ ।

स्थानीय तहमा व्यवस्थित विकास निर्माणका लागि सरकारले योजना बैङ्क निर्माण गर्न आग्रह गर्दै आए पनि स्थानीय तहले भने योजना बैङ्कबिना नै विकास निर्माणको कार्य गर्दै आएका छन् ।

स्थानीय तहमा गएको करिब ६० प्रतिशत बजेट पूर्वाधार विकासमै खर्च हुने गरेको छ तर योजना बैङ्कको अभावमा व्यवस्थित विकास हुन सकेको छैन ।

स्थानीय शासनविज्ञ रमेशकुमार अधिकारीले योजना बैङ्कको अभावमा स्थानीय तहले विकासको आवश्यकता र औचित्यका आधारमा भन्दा पनि स्वार्थ प्रेरित भएर योजना छनोट गर्ने गरेको बताए ।

दिगो विकासको लक्ष्य हासिल गर्न र स्थानीय तहमा आवश्यकताका आधारमा मात्र विकास निर्माणको काम गर्नका लागि योजना बैङ्क अत्यावश्यक भए पनि स्थानीय तहमा योजना बैङ्क भने नबनेको उनले बताए । उनले भने -योजना बैङ्कको अभावमा सङ्घ र प्रदेश सरकारका एकै प्रकृतिका योजना छनोट हुँदा कतै योजना थुप्रिएका छन् भने कतै योजनाको अभाव हुने गरेका छन्, यसले असन्तुलित विकास हुन्छ ।

उनका अनुसार स्थानीय तहको भूगोल सुहाउँदो, दीर्घकालीन महत्व राख्ने, ठूला प्रकृतिका योजना एकीकृत गरी सूचीकृत गर्ने कार्य नै योजना बैङ्क हो । खानेपानी, सडक, रोजगार, विद्यालय, कलेज, भौतिक पूर्वाधार निर्माण, रोजगारी सिर्जना गर्ने लगायतका योजनालाई एकीकृत गरी बैङ्कका रूपमा राख्ने र लगानी गर्ने स्रोत भेटिएपछि क्रमिक रूपमा ती योजना कार्यान्वयन गर्दै जानु पर्छ । योजना बैङ्कभित्र परेका योजनालाई सबैभन्दा बढी प्राथमिकताका आधारमा 'पी वान', 'पी टु', र 'पी

*(बाँकी अन्तिम पृष्ठमा)*

कचनकवल गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीको मनपरी

## भ्रमण खर्च मात्रै २१ लाख

**बिर्तामोड, जेठ २६।** दक्षिणी झापाको कचनकवल गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले मनपरी रुपमा अनुगमन तथा भ्रमण खर्च बापत २१ लाख रुपैयाँ सकेको पाइएको छ ।

गाउँ र नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारीले भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नु परेमा गाउँपालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफैं र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । त्यस्तै कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्छ । साथै भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पालिकामा पेश गर्नुपर्ने छ ।

तर, गाउँपालिका अध्यक्षसहित पदाधिकारी र कर्मचारीहरूको गत आर्थिक वार्षिक २०७९/०८० मा अनुगमन तथा भ्रमण खर्चमा २१ लाख भुक्तानी गर्दा कतिपय




भ्रमण आदेश स्वीकृत नभएको, भ्रमण अभिलेख खातामा दर्ता नभएको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किंदा प्रतिवेदन पेश नगरेको महालेखा परीक्षक कार्यालयको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

गाउँपालिकाका अध्यक्षले आफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । गाउँपालिका उपाध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले समेत आआफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेको पाइएको छ । भ्रमण खर्चमा कर्मचारी तथा पदाधिकारीहरूलाई भ्रमण अभिलेख खातामा उल्लेख नगरी भ्रमण खर्च लेखेकोले सो सम्बन्धमा दोहोरो भए-नभएको यकिन गर्न सकिएन । गाउँपालिका उपाध्यक्ष नवराज भट्टराई विराटनगर भ्रमणमा जाँदा भ्रमण आदेश स्वीकृत नगरी ११ हजार २५० रुपैयाँ लिएको, गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसादसिंह राजवंशीले काठमाडौँ जाँदा भ्रमण अनुमोदन नगरी ११ हजार लिएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै गाउँपालिका अध्यक्ष राजवंशीले

*(बाँकी अन्तिम पृष्ठमा)*

## तेश्रो लिंगी यौन श्रमिकका समस्या

**काठमाडौ, जेठ २६।** काठमाडौंमा आयोजित एक कार्यक्रमका सहभागीहरुले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका तेश्रोलिंगी यौन श्रमिकहरुका समस्या र चुनौतिका विषयमा चर्चा छलफल गरेका छन् ।

सरोकारवालाहरुले यौनकर्मी अधिकारका विषयमा कानूनी समस्या रहेको औंल्याए । स्थानीय पहलका लागि मितिनी नेपाल कोषमार्फत मितिनी नेपालको सहयोगमा 'मायाको संसार' ले आयोजना गरेको कार्यक्रममा यौन श्रमिकहरुका विषयमा खुलेर बहस गर्नुपर्ने अवस्था आएको वक्ताहरुको भनाइ थियो । यौन श्रमिकका बारेमा कानूनले स्पष्ट ब्याख्या गरेको छैन ।

नेपालमा यौन व्यवसायबारे कानूनी मौनता तथा सर्वोच्चको आदेश समेत हेर्दा यौन व्यवसाय कानूनी रुपमा पेशा भनेर नै बुझिन्छ । कानूनमा स्पष्टता नहुँदा नेपालमा यौन व्यवसाय बैधानिक रहेको भन्ने देखिन्छ,- समुदायमाथि वकालत गर्दै आएका अधिवक्ता सुजन पन्तले भने ।

मुलुकी ऐन २०२० मा जीउमास्ने बेच्नेको महल अन्तर्गत जबर्जस्ती यौन व्यवसायमा लगाउन र बेचबिखन गर्न रोक लागेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## देउनियामा शव दाहस्थल

**हल्दिबारी, जेठ २६।** झापाको हल्दिबारी गाउँपालिका-३ रङ्गेडाडास्थित देउनिया खोलामा शव दाहस्थल निर्माण कार्य धामधम भइरहेको छ ।

प्रदेशसभा सदस्य छविलाल चुडालको पहलमा पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशमार्फत प्राप्त २४ लाख रुपैयाँ र देउनिया खोला मलामी घाट निर्माण समितिमार्फत उपभोक्ताबाट संकलित २ लाख ७४ हजार २४४ रुपैयाँको लागतमा शव दाहस्थलको निर्माण कार्य भइरहेको निर्माण समितिका सचिव अर्जुनप्रसाद गिरीले जानकारी दिए ।

शव दाहलस्थल निर्माण भएपछि हल्दिबारी-३, ४ र ५ का बासिन्दालाई दाहसंस्कारमा सहज हुने उनले बताए । हल्दिबारी-२ स्थित देउनिया खोलामा शव दाह स्थल अधुरो अवस्थामा रहेको थियो ।

हल्दिबारीमा व्यवस्थित शव दाहस्थल नहुँदा बर्खाको समयमा समस्या हुने गरेकाले आगामी असार २० गतेसम्ममा निर्माण कार्य सकेर हस्तान्तरण गरिने सचिव गिरिले बताए । प्रदेशसभा सदस्य चुडालले आर्यघाट निर्माणस्थलको अनुगमन समेत गरेका छन् । उनले निर्माण कार्य राम्रो भएको भन्दै खुसी व्यक्त गरेका छन् ।

## करणी गरेको अभियोगमा पक्राउ

**झापा, जेठ २६।** १६ अवर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा रामपुर नगरपालिका-५ पारीबेझाड बस्ने २५ वर्षीय विक्की दमाईलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

दमाईले ती किशोरीलाई ललाई फकाई जेठ ३ गते आफ्नै घरमा लगी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय रामपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता नुवाकोटमा ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बिदुर नगरपालिका-७ भित्रीनिटार बस्ने ३२ वर्षीय भुषण बोगटीलाई सोही ठाउँबाट प्रहरीले पक्राउ गरेको छ ।

भुषणले ती बालिकालाई उनकै घरमा जबरजस्ती करणी गरेको खबर प्राप्त हुनासाथ नगर प्रहरी कार्यालय कोलोनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरी आवश्यक अनुसन्धान गरि रहेको बताइएको छ ।

## बेरुजु घटाउँदै बिर्तामोड




**बिर्तामोड, जेठ २६।** बिर्तामोड नगरपालिकाको अघिल्लो वर्षको तुलनामा बेरुजु रकम घटेको बताइएको छ ।

महालेखा परीक्षकको कार्यालयले जेठ १३ गते सार्वजनिक गरेको ६१ औं वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष ०७९/०८० को बेरुजु ४.५४ प्रतिशत छ । यो आर्थिक वर्ष ०७८-०७९ को प्रतिवेदन अनुसार ७.५८ प्रतिशतले कमी हो । उक्त आर्थिक वर्षमा बिर्तामोडको बेरुजु १२.१२ प्रतिशत उल्लेख थियो ।

२४ करोड ६० लाख १६ हजार रहेको अघिल्लो आर्थिक वर्षको बेरुजु रकम घटेर १२ करोड ९५ लाख ४१ हजार रुपैयाँमा आएको नगरका लेखा अधिकृत तेजिन्द्र तामाङले जानकारी दिए । बिर्तामोडमा सैद्धान्तिक बेरुजु, नियमित गर्नु पर्ने बेरुजु, प्रमाण पेश गर्नु पर्ने बेरुजु, असुलउपर गर्नु पर्ने र पेश्की बेरुजु लगायतका बेरुजु देखिएका छन् ।

अघिल्ला वर्षहरुमा भन्दा बेरुजु रकम घटाउँदै लगिएको र यसलाई शून्यमा झार्ने रणनीतिका साथ काम भइरहेको नगरपालिकाले जनाएको छ ।

## महालेखा प्रतिवेदनले एमसीसीका खर्चबारे उठायो यस्ता सवाल

**बिर्तामोड, जेठ २६।** नेपाल सरकारको वित्तीय अनुशासनको निगरानी गर्ने एउटा निकायले अमेरिकी सहायता निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको स्रोतबाट खर्च गरिएको भन्दै त्यसको शोधभर्ना लिन सिफारिस गरेको छ ।

महालेखा परीक्षकको कार्यालयको ६१ औं वार्षिक प्रतिवेदनले वित्तीय व्यवस्था र खर्च, परामर्श खर्च, कार्यान्वयन पत्र, आयोजना कार्यान्वयनसहितका क्षेत्रमा कमजोरीहरू औंल्याउँदै सुधार गर्न सुझाव दिएको छ ।

अमेरिकी अनुदान अन्तर्गत एमसीसीले नेपालमा विद्युत् र सडक पूर्वाधारमा लगानी गरिरहेको छ । अमेरिकाको ५०० मिलिअन डलर (६६ अर्ब ६९ करोड रुपैयाँ) र नेपालको १९७ (२६ अर्ब २७ करोड) मिलियन डलर खर्च गरेर ३०० किलोमिटर विद्युत् प्रशारण लाइन र सबस्टेशन निर्माण अनि ७७ किलोमिटर सडकको स्तरोन्नति र मर्मतको लक्ष्य राखिएको छ ।




**प्रतिवेदनले नेपाल सरकारलाई किन रकम शोधभर्ना लिन भन्यो ?**

एमसीसी सम्झौताको धारा २ अनुसार सम्झौता र इम्प्लिमेन्टेशन लेटर लागू भएपछि एमसीसीले वित्तीय व्यवस्थाको लागि ४६० मिलियन डलर (६१ अर्ब ३५ करोड रुपैयाँ) र कार्यान्वयन पूर्वको कम्प्याक्ट विकासका लागि ४०.५ मिलियन डलर (५ अर्ब ४० करोड रुपैयाँ) अनुदान प्रदान गर्ने उल्लेख भएको प्रतिवेदनमा जनाइएको छ ।

आयोजना अन्तर्गत विभिन्न शीर्षकमा ४ करोड ६० लाख डलर (६ अर्ब १३ करोड) भन्दा बढी खर्च भइसकेको उक्त प्रतिवेदनले जनाएको छ । तर कार्यान्वयन अघिको चरणमा नेपाल सरकारबाट गरिएको खर्चबारे महालेखाको प्रतिवेदनले प्रश्न उठाएको छ ।

एमसीसी कार्यान्वयन सम्झौताको अनुसूची ३ मा नेपाल सरकारले बेहोर्ने सीडीएफ खर्च विद्युत् प्रशारण लाइनमा मात्र खर्च गर्ने उल्लेख थियो । तर त्यसलाई पूरक सम्झौताका आधारमा प्रशारण लाइन बाहेक सडक मर्मत सम्भार, कार्यक्रम व्यवस्थापन र प्रशासनतर्फ पनि खर्च गर्ने उल्लेख गरी बढाएर ४.२ मिलियन डलर (५६ करोड रुपैयाँ भन्दा बढी) बनाइएको थियो । प्रतिवेदनमा भनिएको छ, - पूरक सम्झौता अनुसारसमेत एमसीसी स्रोतबाट अमेरिकी डलर १२.८ मिलिअन डलर (१ अर्ब ७० करोड) खर्च गर्नुपर्नेमा अमेरिकी डलर १०.६८८ मिलियन (१ अर्ब ४२ करोड) मात्र खर्च गरी अमेरिकी डलर २.११२ मिलियन (२८ करोड १७ लाख रुपैयाँ) घटी र नेपाल सरकारकोतर्फबाट १.८१७ मिलियन ( २४ करोड २३ लाख रुपैयाँ) बढी खर्च भएको छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेशन स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको स्रोतबाट खर्च भएकाले उक्त रकम शोधभर्ना प्राप्त गर्नुपर्छ ।

त्यसबारे एमसीए नेपालले नेपाल सरकार र एमसीसीले गरिरहेको खर्च कम्प्याक्ट र कार्यान्वयन सम्झौताका सर्तहरू अनुरूप कार्यान्वयन भइरहेको उल्लेख गरेको छ ।

तर प्रशारण लाइनको काम सम्बन्धी बोलपत्र आह्वानमा भएको अनपेक्षित विलम्बका कारण प्रारम्भिक रूपमा प्रक्षेपण गरिएको भन्दा कम खर्च भएको थियो। तर यो वर्ष एमसीसी नेपाल कम्प्याक्ट खर्च उल्लेख्य रूपमा वृद्धि हुनेछ - उसले भनेको छ ।

नेपाल सरकारले बढी खर्च गरेको भनिएको रकमको शोधभर्ना हुने या नहुनेबारे एमसीएले आफ्नो जबाफमा केही पनि खुलाएको छैन ।

**परामर्श खर्चलाई लिएर प्रश्न**

अन्य वैदेशिक सहयोगका परियोजनाहरू जस्तै एमसीसीले पनि परामर्शदाताहरू राखेर गर्ने खर्चलाई लिएर महालेखा परीक्षकको प्रतिवेदनमा प्रश्न उठाइएको छ ।

सो प्रतिवेदनका अनुसार हालसम्म वित्तीय कारोबारको


*(बाँकी अन्तिम पृष्ठमा)*

## दूध बापतको झण्डै ४ अर्ब रुपैयाँ किसानले अझै पाएनन्

**झापा, जेठ २६।** दूग्ध उत्पादक किसानको बक्यौता भुक्तानीसहितका माग राखेर राष्ट्रिय किसान सञ्जालले कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्वालाकुमारी साहलाई ज्ञापनपत्र बुझाएको छ ।

किसानको हकहितका लागि गठन भएका विभिन्न १० वटा संगठनको साझा मञ्चका रुपमा रहेको किसान सञ्जालले मन्त्री निवासमा पुगेर शनिवार ज्ञापनपत्र बुझाएको हो । लम्पी स्किन रोगको महामारीको ठूलो मारमा परेका पशुपालक किसान अहिले बिक्री गरेको दूधको बक्यौता रकमको भुक्तानी नपाउँदा ठूलो अन्यायमा परेका ज्ञापनपत्रमा उल्लेख छ ।

दूध उत्पादक किसानको झण्डै चार अर्ब रुपैयाँ बक्यौता रकम दूग्ध विकास संस्थान लगायत निजी डेरी उद्योगले भुक्तानी गरेका छैनन् । यसरी किसानमाथि सरकारी तथा निजी दुबै क्षेत्रले ज्यादति गरेको सञ्जालले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।



किसानले पाउनुपर्ने रकम प्राप्त नहुँदा बैङ्कको व्याज तिर्न नसक्ने, पशुआहार खरिद गर्ने रकमको अभावमा उत्पादनशील पशु स्वास्थ्यमा समेत नकारात्मक असर पर्ने, दैनिक घरायसी खर्च गर्न नगदको अभावमा घर चलाउन नसक्ने अवस्था सिर्जना भई उनीहरू यस व्यवसायबाट विस्थापित हुनुपर्ने अवस्थामा पुगेका किसान सञ्जालले उल्लेख गरेको छ । अब दूध खरिद गरेको एक हप्ताभित्र किसानले भुक्तानी पाउने व्यवस्थाको सुनिश्चित गर्न पनि सञ्जालको माग रहेको छ ।

यस्तै देशको अर्थतन्त्रमा दूग्ध क्षेत्रको योगदान ६ प्रतिशत र पशुजन्य गार्हस्थ उत्पादनमा ६६ प्रतिशत योगदान रहेको क्षेत्रलाई राज्य र निजी क्षेत्रले पटक-पटक समस्यामा पारेको भन्दै सञ्जालले गुनासो गरेको छ ।

३० लाख घरपरिवार प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दूग्ध उत्पादन क्षेत्रमा संलग्न रहेका र यी मध्ये पाँच लाख घर परिवार नियमित रूपमा दूग्ध उत्पादन र बिक्री वितरण गर्दै आएका छन् । अनौपचारिक रूपमा घरायसी बिक्री वितरणबाट दैनिक दशौं करोडको धनराशि ग्रामीण

*(बाँकी अन्तिम पृष्ठमा)*

# अपोलो-८ अन्तरिक्ष यात्री एन्डर्सको विमान दुर्घटनामा मृत्यु



**बिर्तामोड, जेठ २६।** ५५ वर्षअघि अन्तरिक्षबाट ऐतिहासिक 'अथराइज' फोटो खिच्ने पूर्व अमेरिकी अन्तरिक्ष यात्री विलियम एन्डर्सको शुक्रबार ९० वर्षको उमेरमा विमान दुर्घटनामा मृत्यु भएको उनको परिवारले जनाएको छ ।

एन्डर्स सानो विमान उडाउँदै गर्दा शुक्रबार बिहान वासिङ्टन राज्यको तटमा दुर्घटनाग्रस्त भएको उनका छोराले अमेरिकी मिडियालाई बताएका हुन् । विमानमा एन्डर्स एक्लै थिए ।

शेरिफ एरिक पिटरले दुर्घटना क्षेत्रमा खोजी भइरहेको तर अहिलेसम्म शव फेला नपरेको बताएका छन् ।

डिसेम्बर १९६८ मा अपोलो-८ मिसनको सदस्य, एन्डर्स उनका समकक्षी फ्रान्क बोर्मन र जेम्स लभेलसँगै चन्द्रमामा पुग्ने पहिलो व्यक्ति मध्ये एक थिए । चन्द्रमाको एउटा कक्षबाट, एन्डर्सले अन्तरिक्षको विशाल अन्धकारको बिरूद्ध चम्किलो निलो पृथ्वीको फोटो खिचेका थिए । 'अथराइज' नामक उक्त तस्बिर प्रमुख ऐतिहासिक छविहरूको राउन्डअपमा सूचीबद्ध गरिएको छ, र लाइफ म्यागजिनको पुस्तक 'संसार बदलेको १०० तस्बिरहरुको सूचीमा समावेश गरिएको थियो ।

सन् १९६८ मा अपोलो-८ को समयमा बिल एन्डर्सले मानवतालाई अन्तरिक्ष यात्रीले दिन सक्ने सबैभन्दा ठूलो उपहार प्रदान गरेको नासाका प्रमुख बिल नेल्सनले सामाजिक सञ्जाल एक्समार्फत बताए ।

सन् १९३३, अक्टोबर १७ मा हङकङमा जन्मिएका एन्डर्सले अन्तरिक्ष यात्रीको रूपमा आफ्नो समयपछि विभिन्न प्रविधि-सम्बन्धित सरकारी पदहरू सम्हालेका थिए । उनी विशेष गरी आणविक नियामक आयोगको पहिलो अध्यक्ष बने र त्यसपछि उनले नर्वेका लागि अमेरिकी राजदूतको रूपमा पनि सेवा गरेका थिए ।

# मुख्यमन्त्रीलाई युवा संगठनको ज्ञापन

**झापा, जेठ २६ ।** विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन नेपालले सि जातलाई कानूनी मान्यता दिन दबाब स्वरूप जनताको हस्ताक्षर संकलन गरी कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई बुझाएको छ ।

ज्ञापनपत्र र हस्ताक्षरसहित संगठनका केन्द्रीय महासचिव सुवास सि नेतृत्वको टिमले मुख्यमन्त्री कार्कीलाई कार्यालयमा पुगेर संकलित हस्ताक्षर र ज्ञापनपत्र बुझाएको हो ।

संगठनका महासचिव तथा कोशी प्रदेश इञ्चार्ज सुवासले ज्ञापनपत्र बुझाउँदै प्रदेशको समसामयिक विषय, जनताको समस्या लगायत युवा लक्षित विभिन्न विषयमा माननीय मुख्यमन्त्रीसमक्ष मौखिक माग राखेका थिए ।

संगठनले बुझाएको हस्ताक्षर र ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री कार्कीले आफू उक्त विषयमा सकारात्मक रहेको बताए । साथै उनले प्रस्तुत ज्ञापन, माग तथा विभिन्न बुँदाहरुमा छलफल गरी सहयोग आदानप्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको बताइएको छ ।

# ८० किलो गाँजासहित दुई जना पक्राउ

**काठमाडौं , जेठ २६ ।** अवैध लागूऔषध गाँजा करिब ८० किलोसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

बाराको जितपुरसिमरा उपमहानगरपालिका-२१ स्थित सडकबाट उक्त परिमाणको गाँजासहित शनिबार दिउँसो उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा चितवनको राप्ती नगरपालिका-१० का २५ वर्षीय मानबहादुर वाइबा र मकवानपुरको राक्सिराङ गाउँपालिका-५ का २६ वर्षीय सुमन स्याङताङ छन् । उनीहरू बा१०च ३६१९ नम्बरको कारमा मनहरीबाट पथलैयातर्फ जाँदै थिए ।

प्रहरी जाँचका क्रममा डिकीमा लुकाइछिपाइ राखिएको उक्त परिमाणको गाँजा फेलापरेको थियो ।

# मानव अधिकार रक्षक परिषद् कोशीमा खरेल



**बिर्तामोड, जेठ २६।** मानव अधिकार रक्षक परिषद् कोशी प्रदेशको तेस्रो सम्मेलनबाट झापाका विष्णु खरेल अध्यक्ष पदमा निर्वाचित भएका छन्

बिर्तामोडमा शुक्रबार र शनिबार भएको सम्मेलनबाट मानव अधिकारवादी खरेल सर्वसम्मत निर्वाचित भएका हुन् ।

परिषद्को उपाध्यक्षमा मोरङकी मञ्जिता उपाध्याय, महासचिवमा सुनसरीका कमल कोइराला, सचिवमा झापाका दीपक दास र कोषाध्यक्षमा इलामकी दीपा आचार्य सर्वसम्मत निर्वाचित भएको निर्वाचन समितिका संयोजक मनोहर पोखरेलले जानकारी दिए । त्यस्तै सदस्यहरूमा कविता बाँस्तोला, डाक्टर रूपक खनाल, चञ्चला सुब्बा, कुमार चुडाल, उदयपुरबाट विनोद खतिवडा, सुनसरीबाट दीपेन्द्रकुमार झा, कविता सदा, मोरङबाट बासुदेव अधिकारी, तारा घिमिरे र तोया सुब्बा निर्वाचित भएका छन्

शुक्रबार भएको उद्घाटन समारोहमा कोशी प्रदेशका गृहमन्त्री डम्मरुबल्लभ अधिकारी, मानव अधिकारवादीहरू सोम थापा, कोशराज न्यौपाने, झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोला, बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतरा प्रसाई, उपप्रमुख नगेन्द्र संग्रौला लगायतले शुभकामना मन्तव्य दिँदै मानव अधिकारको सवालमा सबै एकजुट हुनुको विकल्प नभएको धारणा राखेका थिए ।

कार्यक्रममा मानव अधिकार रक्षक परिषद् कोशी प्रदेशले उदयपुरका अभियानकर्मी भरत खड्कालाई सम्मान गरेको थियो । त्यस्तै परिषदले हालसम्म अभियानकर्मीहरू लालराज सुवेदी, प्रेम ओझा, कोशराज न्यौपाने लगायतलाई सम्मान गरेको अध्यक्ष सोम थापाले जानकारी दिए ।

संस्थामा अध्यक्ष सोम थापाको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन महासचिव प्रकाश अधिकारीले गरेका थिए ।

# प्रदेश सांसद पाठक अस्पताल भर्ना



**बिर्तामोड, जेठ २६ ।** नेकपा एमालेका नेता तथा कोशी प्रदेशसभा सदस्य चिन्तन पाठक अस्पताल भर्ना भएका छन् ।

फोक्सोमा संक्रमणका कारण अस्वस्थ भई पाठक अस्पताल भर्ना भएका हुन् । हाल उनको भारत शिलगढीस्थित निबिदिता नर्सिङ होममा उपचार भइरहेको बताइएको छ ।

झापा बुद्धशान्ति निवासी पाठक सामान्य फलोअपमा उक्त अस्पताल पुगेका थिए । 'सामान्य फलोअपका लागि आएको थिएँ, हिजो सीटी स्क्यान गरेपछि रिपोर्ट असामान्य देखियो अनि डाक्टरको सल्लाहमा अस्पताल भर्ना भएँ'- पाठकले पूर्वाञ्चललाई भने ।

डा. सीपी शर्माको टिमले पाठकको उपचार गरिरहेको छ । गत प्रदेशसभा निर्वाचनताका पनि पाठक सोही समस्याका कारण अस्पताल भर्ना भएका थिए ।

## महालेखा...

प्रतिनिधि र खरिद कार्यको प्रतिनिधिसहित परामर्शमा ७८ लाख ७७ हजार डलर (१ अर्ब ५ करोड रुपैयाँ) खर्च भएको जनाइएको छ ।

प्रतिवेदनमा उल्लेख छ, -संस्थाका कर्मचारीबाटै सम्पादन हुनसक्ने कार्यका लागि समेत बाह्य परामर्शदाता राख्ने कार्यलाई नियन्त्रण गरी खर्चमा मितव्ययिता ल्याउनुपर्छ ।

एमसीए नेपालले परियोजनाको प्राविधिक कार्यान्वयनका लागि आफूलाई 'उत्कृष्ट मार्गनिर्देशन' को आवश्यकता पर्ने भन्दै कम्प्याक्ट सम्झौताले नै एमसीए नेपाललाई भित्र र बाह्य परामर्शदाता राख्न अनुमति दिएको जनाएको छ ।

एमसीएले लिखित जवाफमा भनेको छ, -कम्प्याक्टले सरकारले एउटा तटस्थ र स्वतन्त्र वित्तीय प्रतिनिधिमार्फत एमसीए नेपालको वित्त व्यवस्थापनमा सहयोग पुऱ्याउनुपर्ने र एमसीसीको अनुदानको उपयुक्त वित्तीय जवाफदेहीता आश्वस्त पारिनुपर्ने व्यवस्था गरेको छ । यो मिलेनियम च्यालेन्ज कर्पोरेशन अन्तर्गत संसार भरका कम्याक्टको आधारभूत मापदण्ड हो ।

एमसीए नेपालले त्यस्तो वित्त प्रतिनिधिले नियमनकारी र एमसीसीसँग सम्बन्धित रिपोर्टिङमा सहयोग पुऱ्याउने र कारोबारहरूको जाँच गर्ने पनि जनाएको छ । एमसीए नेपाल विकास समितिले गर्ने खर्चको भुक्तानीका लागि छुट्टै परामर्शदाताबाट सेवा लिइ अन्तिम भुक्तानीका लागि चेक तयार गरी हस्ताक्षर समेत परामर्शदाताबाट हस्ताक्षर गराइएको र त्यो सम्झौता र एमसीए गठन आदेशसँग बाझिएको प्रतिवेदनमा जनाइएको छ ।

नेपाल र संयुक्त राज्य अमेरिकाबीच सन् २०१७ मा हस्ताक्षर भएको एमसीसी कम्प्याक्ट नेपालभित्रको राजनीतिक खिचातानीको केन्द्रमा रहेको थियो । नेपालको इतिहासमा नै कुनैपनि देशले दिएको सर्वाधिक ठूलो उक्त अनुदान वासिङ्टनले काठमाण्डूलाई 'जबरजस्ती लादिएको' टिप्पणी बेइजिङले गरेको थियो ।

सन् २०२२ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले एमसीसीलाई सदनबाट अनुमोदन गराएको थियो ।

उक्त सम्झौताको चर्को विरोध गर्ने गरेको नेकपा माओवादी केन्द्रले त्यसबेला संसदमार्फत् गरिएको १० बुँदे व्याख्यात्मक घोषणाप्रति सन्तुष्टि जनाएको थियो र अन्तिम समयमा आएर सो सम्झौताको अनुमोदनको पक्षमा आफूलाई उभ्याएको थियो । त्यही दलका नेता पुष्पकमल दाहालले सरकारको नेतृत्व गरिरहँदा एमसीसीको कार्यान्वयन अघि बढिरहेको छ ।

नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गरेको सो परियोजना अघिल्लो वर्षको अगस्टमा आएर बल्ल कार्यान्वयन चरणमा प्रवेश गरेका थियो । महालेखा परीक्षकको प्रतिवेदनमा सम्झौतामा उल्लेख गरिएका जग्गा अधिग्रहण एवम् रुख कटान र आयोजना निर्माण स्थलमा पहुँच लगायत पूर्वशर्त पूरा नगरी कार्यान्वयन चरणमा प्रवेश गरिएकाले आयोजनामा अपेक्षित प्रगति हुन नसकेको ठहर गरिएको छ ।

**एमसीए नेपालले उक्त निष्कर्षप्रति असहमति जनाएको छ ।**

उसले आयोजनास्थलसम्मको पहुँचमा उल्लेख्य प्रगति भएको र निश्चित तयारीका चरणहरू पूरा गरिएपछि सो निर्णय लिइएको जनाएको छ ।

एमसीए नेपालले भनेको छ,-जग्गा अधिग्रहणलाई अन्तिम रूप दिन वा रुखहरू कटान गर्न कार्यान्वयन चरणमा प्रवेश गरिसकेपछि प्राप्त हुने वित्तीय स्रोतहरूमार्फत् मात्रै सम्भव थियो, त्यही भएर ती काम शुरुमा नै गर्ने योजना थिएन । अहिले आयोजना प्रभावित क्षेत्रका मानिसहरूलाई नेपाल सरकार, एमसीसी वातावरण मार्गदर्शन, इन्टरन्याशनल फाइनान्स कर्पोरेशनको मापदण्ड अनुसारको भूमि अधिग्रहण र पुनर्वास कार्यक्रमको मापदण्ड अनुरूप क्षतिपूर्ति वितरणलाई प्राथमिकतामा राखेको एमसीए नेपालको भनाइ छ ।

साथै स्थानीय वन उपभोक्ता समिति र जिल्लास्थित अधिकारीहरूसँग मिलेर रुखको गणना गर्न र कटानका लागि अनुमति लिन काम गरिरहेको पनि उसले जनाएको छ ।

**नयाँ कार्यतालिका कस्तो छ ?**

एमसीए कार्यान्वयनको चरणमा प्रवेश गरे पनि बढी लागत मूल्य प्रस्ताव गरिएको भन्दै नेपाल सरकारले सरोकार व्यक्त गरेपछि प्रशारण लाइन सम्बन्धी एउटा बोलपत्र प्रक्रियालाई रद्द गरिएको थियो । मे महिनामा न्यूबुटवल पहिलो सबस्टेशन निर्माणका लागि ठेक्का लगाइएको थियो । बर्दघाट सुस्ता पश्चिममा निर्माण गरिने ४०० केभी सबस्टेशन बनाउने जिम्मेवारी लिन्क्सन इण्डियाले पाएको छ ।

उक्त निर्माणस्थल नेपाल र भारतबीच निर्माण हुने १८ किलोमिटर लामो अन्तर्देशीय प्रशारण लाइनको 'कनेक्सन बिन्दु' रहने अधिकारीहरूले जनाएका छन् । उक्त प्रशारण लाइन निर्माणका लागि परेका बोलपत्रहरू मूल्याङ्कनको चरणमा रहेका छन् ।

एमसीए नेपालले अगस्ट महिनामा त्यसको ठेक्का लगाउने लक्ष्य राखेको जनाएको छ । एमसीसी परियोजना अन्तर्गत न्यूबुटवलबाहेक नुवाकोटको रातमाटे र तनहुँको दमौलीमा त्यस्तो सबस्टेशन निर्माण गरिने योजना छ । यसै महिनाभित्र ती दुवै सबस्टेशनको ठेक्कालाई अन्तिम रूप दिने तयारी भइरहेको एमसीए नेपालले जनाएको छ । यसैवर्षभित्र सम्भव भएसम्म चाँडै २९७ किलोमिटर लामो प्रशारण लाइनका लागि पनि टेन्डर आह्वान गरिने उनको भनाइ छ ।

एमसीए नेपालले पूर्व पश्चिम महेन्द्र राजमार्ग अन्तर्गतको धानखोला र लमही क्षेत्रमा पर्ने ४० किलोमिटर सडक खण्डका लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनको प्रतिवेदन बुझाइसकेको जनाएको छ । भौतिक यातायात तथा पूर्वाधार मन्त्रालयलाई प्रतिवेदन बुझाइएको भन्दै सडक मर्मतको ठेक्का जुलाई २०२४ भित्र आह्वान गर्ने लक्ष्य आफ्नो रहेको एमसीए नेपालले जनाएको छ ।

यी कामहरू अघि बढेसँगै एमसीसीको वित्तीय प्रगति ह्वातै बढ्ने एमसीए नेपालको विश्वास रहेको छ । एमसीसी कार्यान्वयनमा भइरहेको प्रगतिबारे बुझ्न यसै हप्ता एमसीसीका सहायक उपाध्यक्ष जोनाथन ब्रुक्स र प्रबन्ध निर्देशक क्यारोलिन टी गुयेनले नेपालको भ्रमण गरेको अधिकारीहरूले बताएका छन् ।

## योजना ...

थ्री' का आधारमा आयोजना कार्यान्वयन गरिन्छ तर स्थानीय तहले यस्तो अभ्यास नगरेको अधिकारीले बताए ।

अर्का स्थानीय शासनविज्ञ डा. शेषरमण न्यौपानेले स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको व्यवस्थित विकासका लागि योजना बैङ्क निर्माण गर्नुपर्ने व्यवस्था गरे पनि स्थानीय तहले योजना बैङ्कको अभ्यास नै नगरेको स्पष्ट पारे । उनले भने -दिगो विकासका लक्ष्य कार्यान्वयन गराउन र आवश्यकताका आधारमा मात्र योजना कार्यान्वयन गर्न स्थानीय तहमा योजना बैङ्क आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिका र नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक, क्षेत्रगत, मध्यकालीन र दीर्घकालीन योजना बनाई लागू गर्न सक्ने उल्लेख गरेको छ ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. दिनेशचन्द्र देवकोटाले हाम्रो प्रवृत्ति नै योजनाबद्ध विकासभन्दा पनि आफूखुसी विकास निर्माणका काम गर्ने हुँदा अव्यवस्थित विकास हुने गरेको बताए । उनले भने -विकासको काम उत्पादनसँग जोडिनुपर्ने हो तर यहाँ पहुँचका आधारमा विकास हुने गरेकाले स्थानीय तहको मात्र नभई तीनै तहमा योजनाबद्ध विकासको अभाव हुँदै आएको छ ।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले स्थानीय तहमा योजना बैङ्क निर्माण गर्न कठिन हुने गरेको बताइन् । स्थानीय तहमा वडाध्यक्षदेखि वडा सदस्यसम्मले भनेका योजना छनोट गर्नु पर्छ, नगर्दा बजेट कार्यान्वयन गर्न समस्या हुन्छ, त्यसैले पनि योजना बैङ्क बनाएर कार्यान्वयन गर्न कठिन हुन्छ ।

योजना बैङ्कको अभावमा एउटै स्थानीय तहमा तीनै तहका एकै प्रकृतिका योजना छनोट हुँदा कतै योजनाको अभाव त कतै योजनाको खातैखात हुने गरेको छ । कार्यान्वयन गर्ने भूगोल स्थानीय तह नै भएकाले अहिले स्थानीय तहमा योजना बैङ्कको अभावमा दीर्घकालीन विकास सम्भव हुन सकेको छैन ।

## भ्रमण ...

काठमाडौं र विराटनगर जाँदा भ्रमण दर्ता र अनुमोदन नगरी ५७ हजार ८ सय रुपैयाँ लिएको र बिएलएमटिसी दिवस सापकोटा बिर्तामोड जाँदा १२ हजार भ्रमण आदेश स्वीकृत नगरी लिएको प्रतिवेदनमा भनिएको छ । त्यसैगरी कर्मचारीले बढी अवधिको भ्रमण खर्च बापत भुक्तानी लिएको पाइएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।

गाउँपालिकाले कर्मचारीहरूलाई भ्रमण खर्च भुक्तानी गर्दा पेश गरेको हवाई टिकटभन्दा बढी अवधिको समेत भ्रमण खर्च भुक्तानी गरेकोले बढी अवधिको भ्रमण खर्च भुक्तानी भएको रकम असुल गर्नुपर्ने भनिएको छ । योजना अधिकृत केशव मैनालीले २०७९ फागुन २ देखि ८ गतेसम्म भ्रमण खर्च बापत २७ हजार २ सय लिएकोमा ८ हजार ८ सय बढी लिएकोले असुलउपर गर्नुपर्ने लेखा परीक्षण प्रतिवेदनमा भनिएको छ ।

## रसिया ....

बस्दै आएको अवस्थामा प्रहरीले पक्राउ गरेको प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

प्रजापतिमाथि ठगी तथा आपराधिक लाभ सम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट म्याद थप अनुमति लिई अनुसन्धान कार्य भइइरहेको प्रहरी नायब उपरीक्षक गिरीले जानकारी दिइन् ।

## दूध ...

क्षेत्रमा भित्रिएको र ग्रामीण अर्थतन्त्र चलायमान हुन गएको सञ्जालले जनाएको छ ।

दुग्धजन्य पर्दाथको उत्पादनमा देश आत्मनिर्भर हुनै लागेको बेलामा दुग्ध क्षेत्र समस्याग्रस्त बनेको सञ्जालले जनाएको छ । किसानले बिक्री गरेको दूधको भुक्तानी नपाउने, उत्पादित दूध बिक्री नहुने जस्ता समस्याले नेपाली किसान पीडित भएका र सरकारले गरेका प्रयासले समस्याको समाधान दिन नसकेको किसानले गुनासो गरेका छन् ।

किसानलाई निराश तुल्याउने यस्तो प्रवृत्तिले देश कृषि उत्पादनमा झनै परनिर्भर बन्नुपर्ने अवस्था उत्पन्न हुने किसान सञ्जालको चेतावनी छ ।

यस्तै सरकारले दूग्ध उत्पादनका आधारमा दिइने अनुदान हटाउने, पशु बिमाको प्रिमियम बपत दिइने अनुदान रकम भुक्तानी नगरी किसानले पालेका पशुको बीमा नहुने वातावरण सिर्जना गरेको तथा किसानलाई दिइने सहुलियत दरको कृषि ऋण कटौती गरेको सञ्जालले जनाएको छ । देशका केही पाउडर दूध कारखाना बन्द रहेको तथा मौज्दात धेरै भएको सूचना निकालेर किसानको दूध खरिद नगर्ने परिस्थिति सिर्जना गरिएको किसान सञ्जालले आरोप लगाएको छ । विदेशी उत्पादनलाई सहज बजार बनाइदिने र त्यसबाट केही निजी समूहको स्वार्थपूर्ति गर्ने उद्देश्य पूरा गर्न लागीपरेको किसान सञ्जालको आरोप छ ।

## तेस्रो ....

तथा २०४३ को मानव बेचबिखन ऐनले पनि वेश्यावृत्तिबारे उल्लेख नगरेको र महिलालाई वेश्यावृत्ति गर्ने उद्देश्यले बेचबिखन गरेमा भन्ने सोही आशयको व्यवस्था समेत हेर्दा स्वतःस्फुर्त यौनव्यवसायमा लाग्ने कार्य कानूनतः अपराध नभएको बुझ्न सकिने उनको धारणा छ ।

सुदीपकुमार थिङले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका तेश्रोलिंगी यौन श्रमिकहरुले प्रशासनको ज्यादती भोग्दै आइरहेकाले कानूनी रुपमा स्पष्ट हुनुपर्ने बताएका थिए ।


## KIEC ROAD SHOW

**युके, क्यानडा, युरोप, न्युजील्यान्ड, अस्ट्रेलिया, अमेरिका जान चाहने विद्यार्थीले विश्वका चर्चित २० भन्दा बढी विश्व विद्यालयका प्रतिनिधिहरु सँग व्यक्तिगत रुपमा प्रत्यक्ष साक्षात्कार गर्न पाउनु हुनेछ ।**

**मिति : जेठ २७ गते आइतबार**
**जुन ९ तारिक आइतबार**
**समय : दिउँसो ११ बजेदेखि ३ बजेसम्म**
**स्थान : के.आ.इ.सी को कार्यालय मुक्तिचोक**
**थापा मार्केट विर्तामोड**
सहभागी भई मौकाको फाइदा उठाउनु होला।

## विहानको समय रोजगारीको अवसर

**तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ? यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं ।**

- **पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास ।**
- **अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ ।**
- **साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ ।**
- **दिउँसो स्कूल पढ्नेहरुले समेत काम गर्न सक्नेछन् ।**

**सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०**





श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

# स्वास्थ्य सचेतना अपनाऔं

**रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम हो– भनिन्छ । यसका लागि रोग ल्याउने कारकतत्वहरु हावा, पानी र खानामा सचेत हुनुपर्ने र सतर्कता अपनाउन पूर्वजहरुले सल्लाह दिएका थिए । यो भनाइ आज पनि त्यत्तिकै सान्दर्भिक र सन्देशमूलक छ । यो भनाइले मानिसलाई आहारविहार तथा स्वास्थ्य सेचतनामा सचेत र सतर्क गराइरहन्छ पनि । तर, कतिपय अवस्था भने यत्तिले मात्र मानिस स्वस्थ र सुरक्षित रहिरहन सक्दैन । एकाएक महामारीको रुप लिने त्यस्तै अनेक संक्रामक रोगहरुमध्ये सन् २०१९ मा चीनको बुहानबाट उत्पत्ति भएर विश्वभर प्रभाव पारेको कोभिड–१९ ले लाखौंको ज्यान लिएको थियो ।**

**कोभिडको आतंकले त्रस्त मानसिकता अझै लयमा फर्किन सकेको छैन भने त्यसको असरका रुपमा आर्थिक मन्दी तथा भौतिक विकासमा भएको अवरोध अझै हट्न सकेको छैन । कोभिडले पुऱ्याएको मानवीय एवम् भौतिक क्षतिलाई नियन्त्रण गर्न अनेक खोपको विकास गरियो, जसले तत्काल महामारी न्यूनीकरण गर्न सहयोग त गऱ्यो तर त्यसको संक्रमणको त्रास भने अझै कायम छ । त्यसयता अर्को एउटा संक्रमणले फेरि त्रासको सृजना गर्दैछ । लामखुट्टेको टोकाइबाट सर्ने डेंगुको संक्रमण अहिले फेरि देशव्यापी जस्तै बनिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण केन्द्रका डा. गोकर्ण दाहालले डेंगुको संक्रमण अहिले देशका ६९ वटा जिल्लामा देखिएको बताएका छन् । देशभर एक हजारभन्दा बढी मानिसमा संक्रमण पाइएको भन्दै केन्द्रले झापा र काठमाडौंमा सबैभन्दा धेरै जनामा संक्रमण रहेको पुष्टि गरेको छ ।**

**विगतमा फरक समय र कालखण्डमा फरक–फरक किसिमका संक्रामक रोगले आक्रमण गर्दा धेरैले जीवन गुमाउनु परेको थियो । तर, आज उपचार तथा पहुँचमा आएको सुधार र भएको प्रगतिले संक्रमणहरुबाट मुक्ति पाउने अवस्था छ । तर, त्यसका लागि पूर्वजहरुले भने जस्तो उपचारमा भन्दा प्रतिरोधमै ध्यान दिनु बुद्धिमानी हुन्छ । त्यसका लागि डेंगुबाट जोगिन विज्ञले भने जस्तै शरीर ढाक्ने लुगा लगाउन, लामखुट्टे विरोधी मल्हम लगाउन, धुप बाल्न र लामखुट्टेलाई फूल पार्न नदिने अवस्था तर्फ हामी स्वयम् सचेत हुनुपर्छ । त्यत्तिको सचेतना रह्यो र विज्ञले भने जस्तै झुल लगाएर सुत्ने, खानपानमा ध्यान दिने गरियो भने स्वस्थ जीवन बाँच्न सहज हुन्छ ।**

# ब्रेन ट्युमर : अवस्था र भावी योजना



**प्रा. डा. राजीव झा**

शरीरको कुनै पनि अङ्गमा अनावश्यक मासु पलाउनुलाई ट्यूमर भनिन्छ। मस्तिष्कमा अनावश्यक मासुको डल्लो पलाउनुलाई नै ब्रेन ट्यूमर भनिन्छ। ब्रेन ट्यूमर भएपछि मानिसको दिमागमा कोशिकाहरु चाहिनेभन्दा धेरै बढ्ने गर्दछन् र फैलने गर्छन्। ब्रेन ट्यूमरको अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक अवस्था र जटिल अवस्थाका रुपमा हेर्न सकिन्छ। प्रारम्भिक अवस्थाको ब्रेन ट्यूमर मस्तिष्कमा शुरु हुन्छ। कहिलेकाहीँ यी ट्यूमरहरू फुटेर मस्तिष्क र मेरुदण्डको अन्य भागहरूमा फैलिन सक्छन्। सेकेन्डरी अर्थात् मेटास्टाटिक ब्रेन ट्यूमरलाई घातक ट्यूमरहरू भनिन्छ, जसले शरीरको अन्य ठाउँमा क्यान्सरका रूपमा उत्पन्न हुन्छ र विस्तारै मस्तिष्कसम्म फैलिन्छ। यस खालको ब्रेन ट्यूमर प्राथमिक ब्रेन ट्यूमरभन्दा चार गुणा बढी जटिल हुन्छ।

**ब्रेन ट्यूमरका कारण**

ब्रेन ट्यूमर तथा क्यान्सर किन हुन्छ भन्ने ठोस कारण अझै पत्ता लाग्न सकेको छैन। त्यसैले यस वर्षको अन्तर्राष्ट्रिय ब्रेन ट्यूमर दिवसको सन्देश पनि ब्रेन ट्यूमर जोखिमको कारण पत्ता लगाउनु भन्नेछ। ब्रेन ट्यूमर हुनुको एउटा कारण यो जेनेटिक असरबाट हुने गर्छ। शरीरका कोषिकाहरु सामान्य रुपमा नभएर असामान्य ढङ्गबाट बढ्दै गएको अवस्थामा ब्रेन ट्यूमरको समस्या आउने गर्दछ। कतिपयलाई पुर्ख्यौलीका आधारमा पनि भएको पाइन्छ। मानिसको उमेर बढ्दै जाँदा शरिरका अङ्गहरु क्रमशः कमजोर हुने क्रमसँगै ब्रेन ट्यूमरको सम्भावना पनि बढ्दै जाने गर्दछ। हेपाटाइटिस, एड्स जस्ता रोग लागी कमजोर भएका व्यक्तिको लिम्फोमा ट्यूमर हुने उच्च सम्भावना रहेको छ।

ब्रेन ट्यूमर हुनुको अर्को कारण खराव विकीरणलाई पनि लिन सकिन्छ। एक्सरे, सिटीस्क्यान गराउँदा निस्कने विकीरण हानीकारक मानिन्छ। ब्रेन ट्यूमरको उपचारमा धेरै प्रयोग हुने प्रविधि भनेको एसआरएस अर्थात ट्याक्सी रेडियो सर्जरीलाई लिने गरिन्छ। यसले कतिपय ब्रेन ट्यूमरलाई शल्यक्रिया नगरी सुकाइदिन्छ। तर, उच्च डोजको विकीरण हुने भएकाले शरीरका अन्य भागमा प्रत्यक्ष असर गर्दछ र पछि क्यान्सरको जोखिम बढाउँछ।

अनुसन्धानबाट यस्तो अवस्था पाँच प्रतिशतमा आएको देखिन्छ। तर, यो प्रविधि निकै प्रचलित रहेको छ। चोटपटक लागेर पनि टाउकोमा ट्यूमर पलाउन सक्छ। दिमागको इन्फेक्सनका कारण पनि ट्यूमर हुन सक्छ। मोटोपन भएका व्यक्तिमा ब्रेन ट्यूमर हुने जोखिम अझ बढी रहन्छ। पछिल्लो समय धेरै मोवाइल फोन प्रयोग गर्नेहरुमा पनि यो समस्या देखिएको छ।

बच्चा पेटमा रहेदेखि वृद्धावस्थासम्म ट्यूमरको सम्भावना रहन्छ। अझ खासगरी बच्चाहरुमा यो झन जटिल रहेको पाइन्छ। किनकि उनीहरुले आफूभित्र भएको समस्या राम्ररी भन्न नसक्ने हुँदा पछि झन् जटिल अवस्था सिर्जना भएको छ। उनीहरुको टाउकोको आकार बढ्यो, उमेर अनुसारको गतिविधि देखिएन भने मात्रै अभिभावकले चिकित्सक कहाँ ल्याउँछन्, त्यतिबेला उनीहरुको अवस्था गम्भीर बनिसकेको हुन्छ। बच्चाको शरिर कमजोर हुने भएकाले पनि झन जटिल समस्या आउने गर्दछ।



मानिसमा सयभन्दा बढी प्रकारका ब्रेन ट्यूमरहरू हुन सक्छन्। मुख्यरुपमा तिनलाई दुई किसिमबाट हेर्न सकिन्छ। एउटा नबढ्ने (बेनाइन) र अर्को बढ्ने ( म्यालिग्नेन्ट)। बेनाइन ट्यूमरहरु नफैलिने वा बिस्तारै बढ्नेखालको हुन्छन्। तर, कहिलेकाहीँ तिनीहरूले मस्तिष्कको भागहरूलाई क्षति पुऱ्याई गम्भीर समस्या ल्याउन सक्छ। वेनाइनको पनि पहिलो र दोस्रो स्टेजका विरामीको उपचारबाट रोगको पूर्णरुपमा निको गर्न सकिन्छ भने म्यालिग्नेन्टलाई क्यान्सर भन्न मिल्छ। ब्रेन ट्यूमरका तेस्रो र चौथो स्टेजका विरामीलाई क्यान्सर भइसकेको हुँदा पूर्णरुपमा निको पार्न सकिँदैन। म्यालिग्नेन्ट ट्यूमरहरु दिमागको अरु भागमा फैलिन सक्छ। यिनलाई तिनीहरू सामान्यतया छिटो बढ्छन् । अन्य क्यान्सरभन्दा मस्तिष्कको क्यान्सर घातक मानिन्छ। त्यस्ता विरामीको उपचारपछि पनि पुनः पलाउने सम्भावना बढी हुन्छ। शल्यक्रियासँगै किमोथेरापी र रेडियोधर्मी गर्दागर्दै पनि अर्को ठाउँमा क्यान्सर देखिन सक्ने सम्भावना उच्च हुन्छ।

**के–के हुन सक्छन् त लक्षण ?**

ब्रेन ट्यूमर भएमा शुरु-शुरुमा टाउको दुख्ने समस्या हुन्छ। टाउको दुख्नु ब्रेन ट्यूमरको सबैभन्दा प्रमुख र शुरुवाती लक्षण हो। ब्रेन ट्युमर भएको मानिसलाई टाउको दुख्नेक्रम दिनहुँ बढ्दै जान्छ, औषधि खाँदा पनि ठीक हुँदैन। अचानक बिहान उठ्ने बित्तिकै आँखामा अध्यारो हुने, चक्कर पनि आउँछ र चक्कर या बान्ता आउने जस्तो लगातार भइरहन्छ भने यो पनि ब्रेन ट्यूमरको लक्षण हुन सक्छ। ब्रेन ट्यूमर तीव्रगतिमा फैलिन्छ। यसले शरीरमा छटपटाहट पैदा गर्छ। टाउको दुख्नुका साथै छटपटाहट महशुस हुन्छ भने तुरुन्तै अस्पताल जानुपर्छ।

कतिपयलाई छारे रोग वा पटक-पटक बेहोस हुने पनि हुन्छ। राम्ररी सुन्न नसक्ने, गन्ध थाहा नपाउने, राम्ररी नदेख्ने, हिँड्दा पनि लर्बराएर हिँड्ने जस्तो हुन्छ। दिमागको स्मरण शक्ति कमजोर बन्दै जान्छ र व्यक्तित्वमा परिवर्तन आउन थाल्छ भने पनि यो ब्रेन ट्यूमरको लक्षण हुन सक्छ। ब्रेन ट्यूमरको लक्षण थाहा नपाउँदा कतिपयलाई साइकेटिकको औषधि खुवाउने वा मानसिक रोगको उपचार गराउने गरिन्छ। यसले गर्दा पनि त्यस्ता विरामीको समयमा उपचार हुन नसकी पछि जटिल समस्या आउने गरेको छ।

**कसरी गरिन्छ उपचार ?**

मानिसको शरीरमा क्यान्सरका लक्षण देखिने गरे पनि बेवास्ता गरेका कारण समयमै रोगको सिकार भइसकेका बारे थाहा पाउदैनन् र समयमै उपचार हुन पनि सक्दैन। विरामीलाई समयमै अस्पताल ल्याउन सकिएमा यसको उपचार पनि हुन सक्छ। सिटीस्क्यान, एमआरआई, पेट स्क्यानजस्ता परीक्षणबाट ब्रेन ट्यूमर तुरुन्तै थाहा हुन्छ। यी परीक्षणबाट कुन तहको रहेछ भन्ने झण्डै ९५ प्रतिशत थाहा लाग्दछ। ब्रेन क्यानसर पुष्टि भएपछि हामीले थप उपचार गराउनुपर्ने हुन्छ। थप उपचार भनेको रेडियो थेरापी र किमोथेरापी नै हो। ट्यूमरको अवस्था हेरेर रेडियो थेरापी वा किमोथेरापी कुन दिने वा दुवै दिने भन्ने निर्णय गरिन्छ। ब्रेन ट्यूमरको उपचार धेरै किसिमकबाट गर्न सकिन्छ। औषधि नदिई सामान्य परीक्षणबाट पनि निको पार्न सकिन्छ।

**निराशाजनक छैन नेपालको अवस्था**

ब्रेन ट्यूमरको उपचार काठमाडौँ लगायत देशका दुई/तीनवटा शहरमा मात्रै सीमित छ। ब्रेन ट्यूमरका विरामीको शल्यक्रियादेखि थेरापी लगायतका कार्यहरु गर्न वीर अस्पतालमा गत वर्ष राष्ट्रिय ब्रेन ट्यूमर केन्द्र स्थापना भएको छ। तर, बजेटको अभावमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था अझै हुन सकेको छैन। यद्यपि, ब्रेन ट्यूमरको उपचारको स्थितिलाई हेर्दा नेपालको अवस्थालाई नराम्रो भन्न मिल्दैन। दक्षिण एशियामा भारतपछि नेपालको अवस्था निकै राम्रो छ। यद्यपि नेपालको स्वास्थ्यको आधार ३० वर्षअघि कै छ, खासै सुधार हुन सकेको छैन। वीर अस्पतालमा रहेको सुविधा कम्तिमा प्रदेश स्तरमा विस्तार हुन आवश्यक छ।

ब्रेन ट्यूमरको उपचार निकै महँगो पनि हुने भएकाले विपन्न वर्गका मानिसले उपचार गराउन समस्या हुने हुँदा राज्यले नै सहयोग गर्नुपर्ने हुन्छ। हाल सरकारले क्यान्सरका बिरामीलाई एक लाख रुपैयाँ सहयोग गरेको छ, यसलाई उल्लेख्यरुपमा बढाउन आवश्यक छ। वीर अस्पतालमा दैनिक तीन/चार जना बिरामीको उपचार गर्ने गरिन्छ। एउटा शल्यक्रिया गर्न कम्तिमा पाँच घण्टा लाग्दछ। अहिले पनि शल्यक्रियाका लागि बिरामीले चार/पाँच हप्ता कुर्नुपर्ने वाध्यता रहेको छ। अहिले वीर अस्पताल र ट्रमा सेन्टरमा रहेका जम्मा छ जना न्यूरो सर्जनले बिरामीको बढ्दो चापलाई धान्न मुस्किल छ।

नेपालभर कूल एक सय १५ न्यूरो सर्जन मध्ये यतिबेला एक सय १० जना स्वदेशमा रहेको अवस्था छ। वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, भरतपुर क्यान्सर अस्पतालमा मात्रै शल्यक्रिया गर्न सकिने पूर्वाधार रहेको छ । अहिले जसरी ब्रेन ट्यूमरको समस्या बढ्दैछ, त्यस अनुसार राजयले आवश्यक जनशक्ति र पूर्वाधार प्रदेशस्तरसम्म विस्तार गर्न सकिन्छ। जनताले पनि समयमै चिकित्सकसँग परामर्श गरी उपचार गराउनतर्फ ध्यान दिन पनि उत्तिकै आवश्यक छ।

# पत्रकारिता तालिम शुरू



**कमल, जेठ २६।** कमल गाउँपालिकाको केर्खामा आधारभूत पत्रकारिता तालिम शुरु भएको छ।

कुइनेटो मिडिया प्रालिको आयोजना तथा कमल गाउँपालिका-३ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा तालिम सञ्चालन भएको हो।

तालिम २८ गतेसम्म सञ्चालन हुने बताइएको छ। तालिममा कमल गाउँपालिका-३ नम्बर वडा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा १० देखि १२ कक्षासम्म अध्ययनरत् २५ जना विद्यार्थी सहभागी रहेका छन्।

तालिममा हिमशिखर टेलिभिजन तथा रेडियो हिमशिखरका समाचार शाखा प्रमुख सुदीप अधिकारी र महेन्द्र रत्न माध्यमिक विद्यालय कमल-२ का शिक्षक विष्णुप्रकाश निरौला लगायतले प्रशिक्षण प्रदान गर्ने बताइएको छ।

कुइनेटो मिडिया प्रालिका अध्यक्ष उमानाथ भण्डारीको अध्यक्षतामा सम्पन्न तालिमको उद्घाटन कार्यक्रममा कमल गाउँपालिकाका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी र नवोदय बहुउद्देश्यीय सहकारी संस्थाका वरिष्ठ उपाध्यक्ष बलराम गजुरेल लगायतले तालिम सफलताको शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रम उमेश पोखेलले सञ्चालन गरेका थिए।

# चिरान काठ प्रहरीको नियन्त्रणमा



**माई, जेठ २६।** इलामको माई नगरपालिका-४ मा रहेको नमूना सामुदायिक वन क्षेत्रको ठूलो खोलीमा बेवारिसे चिरान काठ प्रहरीले नियन्त्रणमा लिएको छ।

फोहर व्यवस्थापन गर्ने गरिएको डम्पिङ साईट नजिकै लुकाईछिपाई राखिएको विभिन्न परिणामको सखुवा जातको चिरान काठ प्रहरी र वन कर्मचारीको संयुक्त टोलीले फेला पारेको हो। विभिन्न साइजका १०६ थान अर्थात् ९७.६२ क्यू फिट काठ बरामद गरिएको लोदिया प्रहरी चौकी दानावारीका इञ्चार्ज प्रहरी बरिष्ठ नायव निरीक्षक कैलाशकुमार केसीले जानकारी दिए।

प्रहरी बरिष्ठ नायव निरीक्षक केसी नेतृत्वमा खटिएको प्रहरी टोलेले लुकाई छिपाई राखिएको अवस्थामा काठ नियन्त्रणमा लिएको हो। प्रहरीले वरामद गरिएको काठ सबडिभिजन वन कार्यालयमा खबर गरी फरेष्टर मनिषा कार्की समेतको संयुक्त टोलीले आवश्यक कारवाहीका लागि सव डिभिजन कार्यालय सुखानी इलाममा राखिएको वताइएको छ। बरामद काठको मूल्य करिब चार लाख रहेको बताइएको छ।

# केसीको नयाँ गजल सार्वजनिक




**काठमाडौं, जेठ २६।** चर्चित गायक तथा संगीतकार राज सागरको स्वरमा गीतकार बिटु केसीको नयाँ गजल अस्ति बिहीबार यूटुव मार्फत सार्वजनिक भएको छ।

'तिमी छौ त्यसैले यो जीवन खास लाग्छ' प्रेमील बोलको सुमधुर गजलको संगीत सृजना राज सागरले नै गरेका हुन्। गीतकार केसीले आफ्ना श्रीमान तारा बरालको जन्मदिनको अवसर पारेर यो गजल सार्वजनिक गरेको जानकारी गराइएको छ। संगीतकार राजसागरलाई गजलका शब्दहरुले मन छोएपछि उनले आफ्नै अग्रसरतामा यसमा संगीत भरेका थिए।

डिल्लीबजारस्थित भ्वाइस अफ नेपाल स्टुडियोमा रेकर्डिङ गरिएको यो गजलको म्युजिक एरेन्जर उदयराज पौडेल हुन्। गजलको मिक्सीङ, मास्टरिङ र रेकर्डिस्ट दिप घटानी हुन्। यसअघि गीतकार बिटु केसीका सात वटा गीत र गजलहरु बजारमा आइसकेका छन्।

# टिपिडि तालिम सम्पन्न



**अर्जुनधारा, जेठ २६।** शिक्षा युवा तथा खेलकुद शाखा अर्जुनधारा शाखाको आयोजनामा शिक्षक पेशागत विकास दोस्रो चरणको टिपिडि सम्पन्न भएको छ।

आधारभूत तह १-५ का अध्यापनरत् २३ जना स्थायी शिक्षकहरुका लागि एकीकृत पाठयक्रमा आधारित १० दिने प्रमाणीकरण तालिम सञ्चालन गरिएको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उप सचिव तोयानाथ रेग्मीले जानकारी दिए।

शिक्षकहरुको वृत्ति विकाससँगै आधुनिक प्राविधिहरु नविनता ज्ञान सिपहरु प्रयोगले कक्षा शिक्षण सिकाइमा दक्षता बढाउने गुणस्तरीय शिक्षा प्रदान गरी असल नागरिक उत्पादन गर्न सक्षम बनाउन अब गएर आफ्नो विद्यालयमा आफूसँगै विद्यालयमा रहने अन्य गुरुवर्गलाई आफ्नो अनुभव साटासाट गर्न प्रमुख आतिथि अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खडगमाया पराजुलीले आग्रह गरिन्।

तालिमले शिक्षकहरुमा ऊर्जासँगै सहजीकरण विधि र नयाँ एकीकृत पाठयक्रमको मर्म र प्रविधिमय शिक्षणको बाटो खोलेकोको र सुनसरीसम्म पुगि दुई पटक गरी एक महिने तालिम लिन निकै समस्या नै थियो। तर, शिक्षा शाखा अर्जुनधारा नगरपालिकाले स्थानीय तहमै तालिमको आयोजना गरेको र घरकै खाना खाएर तालिम लिन पाएकोमा सहजीकरण शिक्षा तालिम केन्द्र सुनसरी र आयोजक नगर शिक्षा अर्जुनधारा नगरपालिकालाई प्रशिक्षार्थीको तर्फबाट जुनकीरी सा.आ.वि.का प्रधानाध्यापक रञ्जित परियार र सिंहदेवी माविकी शिक्षक इन्दिरा शर्माले धन्यवाद व्यक्त गरेकी थिइन्।

पछिल्लो समय सामुदायिक विद्यालयहरुमा अध्ययन गर्न आउने विद्यार्थीहरुको चाप बढ्दै गएको र सरकारले शिक्षक पेसागत विकास तालिम तथा अन्य भौतिक एवम् शिक्षकहरुका लागि अन्य तालिम प्रदान गर्दै आएकोमा नगरभित्रै नमूना विद्यालयको रूपमा देखापर्न थालेकोमा खुशी व्यक्त गर्दै स्थानीय तहमै यसरी तालिम सञ्चालन गर्ने झापामा पहिलो नगर र तालिम पाउने भाग्यमानी शिक्षक भएको भन्दै शिताके सुनसरीका सहजकर्ता मानबहादुर देवकोटा शिक्षा अधिकृत सुनिता भट्टराई लगायतले सफलताको शुभकामना व्यक्त गरेका थिए।

त्यसैगरी १० दिनसम्म शिताके सुनसरीका सहजकर्ता सुपेनचन्द्रसिंह राजवंशी, खेमराज लिम्बू, उमेश बुढाथोकी, तिर्थमान राई, मानबहादुर देवकोटा लगायत रहेका छन्। नगरको आ.व. २०८०/०८१ बजेट अनुसार नगरको आर्थिक ब्यवस्थापन र शिक्षा तालिम केन्द्र सुनसरीको प्रशिक्षण सहजीकरण रहेको शिक्षा प्रमुख रेग्मीले बताए।

कार्यक्रमको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमालको अध्यक्षतामा सञ्चालित कार्यक्रमको सहजीकरण प्राविधिक सहायक समिरा दाहालले गरेकी थिइन्।



# सकारात्मक सोच नै सफल जीवनको ऊर्जा- डा. ताराजी

सुख र दुःख जीवनका दुईपाटा हुन् । दुःखी हुनुभन्दा सुखी भएर बाँच्नु कहाँ हो कहाँ राम्रो हो, तर आफ्नो सुखको महलमा कसैको दुःख, पीडा, वेदना र रोदनको जग नहोस् । यति कुरामा सचेत भइयो भने कसैप्रति कुनै प्रकारको हिंसा हुने छैन । कसैलाई थिचोमिचो नगरी, कसैलाई नदबाई, कसैको अवसर नखोसी, कसैलाई नखसाली आफूलाई माथि उठाउनु सकारात्मक सोचको परिणाम हो । गुल्मीमा जन्मिएका **डा. ताराप्रसाद गिरी ( तारा जी)** आज धेरैको प्रेरणाको स्रोत बनेका छन् । उनले धेरै विद्यार्थी तथा अभिभावकहरुलाई सकारात्मक सोचका विषयमा उत्प्रेरणा जगाउने काम गरेका छन् । यसै सर्न्दभमा हामीले सकारात्मक सोचका उत्प्रेरक तथा मेटिभेसनल स्पिकर डा.ताराजीलाई खुशी र सकारात्मक सोचका विषयमा केही प्रश्न गरेका छौं । प्रस्तुत छ उनीसँग गरेको कुराको सम्पादित अंश :

**सकारात्मक सोच के हो ? र कसरी बनाउने ?**

- सकारात्मक सोच भन्नाले हरेक विषयलाई राम्रो अर्थात पोजेटिभरुपमा हेर्नु हो । मानौं बिर्तामोडबाट दमक जाने क्रममा एउटा बाइक दुर्घटना भयो । उक्त सवारीमा दुई जनाको दाहिने हात भाँचियो । एक जनाले मेरो त हात भाँचियो बर्बाद भयो भन्यो अर्कोले धन्न हात मात्र भाँचियो ज्यान जोगियो भन्यो अब भन्नुहोस् सबैभन्दा छिटो निको को होला ? त्यसैले सकारात्मक सोच नै हाम्रो सफलताको कडी हो । कुनै पनि विषय वस्तु तथा केही विषयममा तपाईले बनाउने धारणा नै सकारात्मक या नकरात्मक के छ त्यसले उक्त कार्यमा प्रभाव पर्छ । त्यसैले हरेक विषयमा सकाराात्मक हुन जरुरी छ ।

**सकारात्मक हुन हामीले कस्ता कुराहरुमा ध्यान दिनुपर्दछ ?**

- धेरै राम्रो प्रश्न गर्नुभयो । सकारात्मक हुन हामीले सबैभन्दा पहिलो कुरा त संगत कस्ता व्यक्तिसँग गर्दैछु, उसको सोच कस्तो छ बुझ्न जरुरी छ । साथै सकाराात्मक हुन तपाईले गर्ने कार्य, तपाई खाने परिकार, तपाईले अध्ययन गर्ने विषय वा पुस्तक लगायत तपाईको सोचाई नै राम्रो मात्र हुनुपर्छ । त्यो भए सकारात्मक सोच आफैं विकास हुन्छ । यहाँ मेसी, रोनाल्डो जस्ता विश्व प्रसिद्ध फुटबल खेलाडीलाई त प्रशिक्षक आवश्यक पर्छ भने तपाई हामी सबैलाई कोच अर्थात् प्रशिक्षकको आवश्यक अनिवार्य छ । त्यसैले तपाईले साना बालबालिकामा पनि सकारात्मक सोचको विकास हुने वातावरण बनाउन जरुरी छ ।

**सकारात्मक सोच नै सफलताको सूत्र के हुन् ?**

- अवश्य पनि । कुनै कुरामा सफल बन्न सकारात्मक बन्नुपर्छ । सफलताको पहिलो आधार भनेकै सकारात्मक सोच हो । तपाईमा पैदा हुने सोचले आउने परिणमलाई प्रभाव पर्ने गर्छ । त्यसैले सकारात्मक काम गर्ने बानी नै हाम्रो जिन्दगानी हो । म साना बालकालिकादेखि प्लस-टु मा अध्ययन गरिरहेका विद्यार्थीलाई भन्नु चाहन्छु तपाईले के सोच्नु हुँदैछ । त्यसको असर तपाईको जीवनमा पर्छ त्यसैले म भन्छु हामीले हरेक कुरालाई सकारात्मक रुपमा सोच्न जरुरी छ । त्यो नै हाम्रो जीवनको सफलताको सूत्र हो ।

**सही दृष्टिकोण, सकारात्मक सोच र खुशी हुने कला के हुन् ?**

- सही दृष्टीकोणले मानिसलाई सकारात्मकतातर्फ लैजान्छ । मानिस रहेक कुरामा सकारात्मक बन्यो भने अरु खुशी हुन्छ । खुशी खोज्न अन्त जानु पर्दैन आफैंभित्र हुन्छ । एक पटक सोच्नुहोस् त तपाई अहिले जे गर्दै हुनुहुन्छ त्यसमा सन्तुष्ट हुनुहुन्छ भने खुशी आफैं मिल्छ । तपाईले काम गर्ने शैलीमा फरक पर्न सक्छ । कुनै कुरा रिसाएर गर्नुभयो भने परिणम नकारात्मक आउन सक्छ । तर, तपाई खुशी भएर गर्नुभयो भने अवश्य परिणाम सकारात्मक अवश्य आउँछ । मन परेको मात्र गर्नुपर्छ भन्ने होइन मन पराएर पनि कति काम हुनु गर्नुपर्छ । त्यसैले म विद्यार्थी तथा अभिभावकलाई भन्न चाहन्छु म सक्दिनँ भन्नुभयो पनि तपाईले सफलताका पाउन मुस्किलपर्छ । तर, असम्भव केही छैन मैले मेहनत गरेमा आवश्यक सफलता मेरै वरिपरि घुमिरहेको छ भने र अघि बढ्नुभयो भने तपाईको लक्ष्य धेरै टाढा छैन् ।

**खुशी किन महत्वपूर्ण छ ?**

- खुशी भएन भने त तपाईको जीवन सहज बन्नै सक्दैन् । त्यसले खुशी अनिवार्य चिज हो । यहाँ दृष्टिको दोष छ, तर सृष्टिको दोष छैन् । चिल्लो सडक र अग्ला महल मात्र खुशी हो भन्ने भ्रम त्यागनुपर्छ । तपाई जहाँ हुनुहुन्छ त्यहाँ सम्पूर्ण चिज छ । एक पटक सोच्नुहोस् त ? म एक्लो छु मैले केही गर्न सकिनँ भन्दै जीवनको अन्त्य गर्छु भन्दै गर्दा हस्पिटलमा अक्सिजनको सहारामा जीवनको भिख मागिरहेका कति छन् । तपाईसँग त शारीरिक रुपमा सबै चिज छ नी अनि सम्झनुहोस् त त्यो संसार देख्न नपाएको दृष्टिविहीनलाई, अनि सम्झनुहोस् त त्यो शारीरिक रुपमा अशक्तलाई त्यसैले आफूलाई रहेक विषयमा सकारात्मक अर्थात् पोजेटिभ बनाउन जरुरी छ । तपाई अरुको विषयमा नसोच्नुहोस् आफू कसरी खुशी हुने भनेर सकारात्मक सोच्नुभयो भने यो संसार सबै खुशी र सकारात्मक बन्नेछ ।

**तनाव व्यवस्थापन, सकारात्मक सोच र खुशी व्यवस्थापन उस्तै हुन् ?**

- तनााव भनेको अरुसँग तुलना गरेर आउने चिज हो । त्यसैले तपाई कसैसँग तुलना नगर्नुहोस् तनाव व्यवस्थापन भइहाल्छ । धेरै महत्वकांक्षा राख्दा पनि दुःखी बन्नुपर्छ त्यसैले तपाईमा तनाव उत्पन्न हुन सक्छ । जे छ त्यसमा रहमाउन सिक्नुहोस् र प्रगतिका मार्गहरु पैल्याउनुहोस् तपाई हरेक काममा अग्रस्थानमा पुग्नुहुन्छ । त्यो तपााईको सकारात्मक ऊर्जा हो । तनावलाई किनारा लगाएर सकारात्मक विचारका साथ अघि बढेपछि खुशी अवश्य मिल्छ । नकारात्मतालाई अन्त्य गर्दै हरेक कुरामा सकारात्मक बन्न जरुरी छ त्यसका लागि दिमाग सफाई गर्नुपर्छ । हामी अरुप्रति परनिर्भर बन्ने बानीका कारण दुःखका भारी बोकिरहेका छौं । त्यसैले आफैंलाई सुधार गर्दै अरुप्रति कम अपेक्षा राख्ने हो भने हामी जीवनमा सधैं खुशी हुन्छौं । तनाव व्यवस्थापन, सकारात्मक सोच र खुशी एकअर्काका परिपुरक हुन् । त्यसैले हामी सकारात्मक हुन जरुरी छ ।

**हाम्रो दृष्टिकोण र जीवनशैली बदल्न जरुरी छ ?**

- अवश्य, हरेक कुरालाई सकारात्मक सोच्नुहोस् । तपााईको सोच्ने तरिकाले जीवनको शैली बदल्न सकिन्छ । देशले मलाई के दिन्छ भन्दा पनि म देशलाई के दिन सक्छु भन्ने भाव तपाईमा आयो भने अवश्य तपाईको जीवन शैलीमा परिर्वतन आउने छ । एक पटक सोच्नुहोस् त नेपालमा केही छैन भनेर अहिले धेरै युवाहरु विदेशी रहेका छन् । के आमा बुढी भइन्, बुबा रोगी भयो भन्दैमा साट्न मिल्छ ? त्यसैले अवसर छैन भनेर सरकारलाई दोष दिनुभन्दा मैले यो शिक्षा पछि अब म देशका लागि यति काम गर्छु भन्नु सक्नुपर्छ । नेपाल धेरै अवसर भएको देश हो । यहाँ हामीले प्रशस्त सम्भावनाहरु भेट्छौ त्यसैले सकारात्मक सोचका साथ हामी लगेका हाम्रो जीवन शैली अवश्य बदल्न सकिन्छ र त्यो जरुरी पनि छ ।

**भौतिकवादी हुँदा हामीले बाहिरी खुशी त भेटायौं, तर आध्यात्म भुल्दा हामी भित्रिरुपमा खुशी बन्न सकेनौं । त्यसका लागि के गर्न जरुरी छ ?**

- पक्कै पनि हामीलाई भौतिक सुख-सुविधा पनि चाहिन्छ । तर, त्यसो भन्दैमा हामीले आध्यत्म चट्कै भुल्नु हुँदैन । भौतिकवादी भएका कारण हामीलाई बाहिरी जीवनमा खुशी होला, तर मनबाट खुशी हुन हामीले आध्यत्म पनि बुझ्न जरुरी छ । म भित्रको म जब तपाईले बुझ्नुहुन्छ अवश्य तपाईमा सकारात्मक ऊर्जा उत्पन्न हुन्छ । हामीले ध्यान, योग गर्दा मात्र सकारात्मक उर्जा उत्पन्न हुन्छ भन्ने छैन् तब तपाई मानसिक रुपमा सकारात्मक बन्नु हुन्न तबसम्म सकारात्मक ऊर्जा प्राप्त गर्न मुस्किल पर्छ त्यसैले भौतिकवादसँग अध्यात्मवाद पनि हामीलाई आवश्यक पर्छ ।

**धेरैलाई सकारात्मक ऊर्जा प्रदान गर्दै हिंड्नुभएको छ । अहिलेसम्म कति मानिलाई मोटिभेशनल ट्रेनिङ दिनुभयो ?**

- मेरो जीवनको यो एउटा पाटो हो । म अनलाइन तथा प्रत्यक्ष रुपमा पनि सकारात्मक सोचका विषयमा प्रशिक्षण कक्षाहरु सञ्चालन गर्दै आएको छु । म आफू आफैंमा सन्तुष्ट छु । यसमा मेरो रुचि, क्षमता, आवश्यकता र परिवार पाल्ने माध्यम बनेको छ । अहिले मानिसमा व्याप्त निराशा चिर्नका लागि पनि सकारात्मक भाव जागरण गर्ने काम जरुरी छ । डिप्रेसनका कारण ८० प्रतिशत आत्महत्या हुने गरेका छन् । त्यसैले हामीले बालकालिकादेखि युवा उमेरका मानिसलाई जीवनमा सकारात्मक हुने किसिमका ऊर्जा जागरण गर्न जरुरी छ । यस्ता अभिमुखी करण कार्यक्रम विद्यालय केन्द्रित मात्र नभई अभिभावकलाई पनि जरुरी छ । एउटा अभिभावक सकारात्मक भएमा उसको सिंगो परिवारमा सकारात्मक परिर्वतन ल्याउन सकिन्छ । त्यसैले अब तपाई हामीले कसरी सकारात्मक बन्ने भन्ने विषय खोज्न र सोच्न जरुरी छ ।

**कहिलेबाट तपाई मेटिभेशनल स्पिकरको रुपमा काम शुरु गर्नुभयो ? विगत र वर्तमानमा के फरक छ ?**

- मैले विगत १४ वर्षदेखि यो काम गरिरहेको छु । म एक मेडिकल डाक्टर हुँ । मैले विरामी चेकजाँच गर्दा अब मानिसमा सकारात्मक र प्रेरणा जगााउने कक्षा सञ्चालन गर्न ढिला गर्न हुन्न भनेर यो अभियान शुरु गरेको हुँ । शुरुमा यस्ता प्रशिक्षण प्रति मानिसको गलत धारणा थियो । यस्तो कक्षामा मानिसक रुपमा विचलित भएका वा रोगी मात्र जाने हो भन्ने धारणा थियो भने अहिले यो अनिवाार्य विषय हो भन्ने छ । मानिसक स्वास्थ्य अपरिहार्य हो भन्ने बुझेपछि अहिले धेरै विद्यालयहरुले यस्ता कक्षा सञ्चालन गर्न अनुरोध गर्ने गरेका छन् । विद्यार्थीसँगै, शिक्षक, अभिभावक सबैलाई सकारात्क ऊर्जा जागरण गर्ने उत्प्रेरणामूलक सिकाइहरु आवश्यक छ ।

**अन्त्यमा के भन्नुहुन्छ ?**

- अन्त्यमा मलाई मौका दिनुभएकोमा तपाई धन्यवाद । विशेष धन्यवाद बोस्टन एजुकेशन फाउण्डेशनका प्रमुख सुमन शर्मा जमरकट्टेललाई । उहाँकै आग्रहमा झापा आएर देभभूमी अंग्रेजी विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावकलाई उत्प्रेरणा जागरण गर्ने कक्षा सञ्चालन भएको छ । यो एउटा सानो प्रयास हो । हामीले विद्यार्थीमा सकारात्मक ऊर्जालाई सञ्चार गर्न सक्यौं भने उसको जीवन सहज र सरल बन्ने गर्छ । त्यसैले सकारात्मक धारणालाई प्राथमिकता दिन जरुरी छ । भनिन्छ- अमृत सरह रहेको दूध बेच्न घर-घर पुग्नुपर्छ, तर मदिरा पिउन भट्टी धाउने गरिन्छ । त्यसैले अहिले यो अमृत सरह सकारात्मक भाव मानिसको मस्तिष्कमा सञ्चार गर्न केही समय लागे पनि अवश्य एक दिन सबैले बुझ्ने छन् ।

**प्रस्तुति : नरेन्द्र ढकाल**

## किसानलाई विद्युत् महसुलमा अनुदान

**भद्रपुर, जेठ २६।** भद्रपुर नगरपालिकाले कृषिजन्य बाली उत्पादन गर्ने कृषकलाई विद्युतीय महसुलमा ५० प्रतिशत अनुदान दिन थालेको छ ।

चालू आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि सिँचाइ विद्युत् महसुल मूल्य अनुदान कार्यक्रम कार्यान्वयन गरिएको हो ।

कार्यक्रमबाट नगरपालिकामा सूचीकृत कृषि सिँचाइ विद्युत् मिटर भएका करिब एक हजार सात सय किसानले लाभ लिइरहेका नगर प्रमुख गणेश पोखरेलले बताए ।

कृषि विकास अधिकृत सुमन विमलीका अनुसार किसानले कृषिजन्य बाली उत्पादन गर्दा हुन आउने विद्युत् महसुलको आधा रकम भुक्तानी गर्ने गरिएको छ । उनले योग्य किसानलाई लक्षित गरी अनुदान वितरण गरिरहेको बताए ।

राज्यले चिया खेतीलाई उद्योगअन्तर्गत राखेकामा किसानले गुनासो गर्ने गरेको कृषि विकास अधिकृत बिमलीले बताए । चिया खेतीलाई कृषितर्फ राखे किसानले थप राहत महशुस गर्ने उनको भनाइ छ ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
**अर्जुनधारा नपा- ४, झापा**

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२**


**भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाबाट दुवागढी-९ हाल मेचीनगर नगरपालिका वडा नं. १४ बस्ने स्व. सावित्रा खतिवडाको शेषपछिको हकदारको नाममा जारी गरिएको**

**नामसारी उपर हकदावी गर्न आउने ३५ दिने सार्वजनिक सूचना**

जिल्ला झापा साविक दुवागढी-९ हाल मेचीनगर नगरपालिका वडा नं. १४ बस्ने निवेदक दिनेश खतिवडाले हाम्री आमा सावित्रा खतिवडाको मिति २०७७/०२/०२ मा मृत्यु भएको र बाबु दान बहादुर खतिवडाको पनि २०५७/११/३० मा मृत्यु भएको मृतक बाबु आमाका हामी ४ छोराहरु जेठा विष्णु बहादुर खतिवडा, माहिला दिनेश खतिवडा, साहिला दिलिप खतिवडा र कान्छा दिपक खतिवडा भएको विष्णु प्रसाद खतिवडा पहिले नै छुट्टि भिन्न भएको बाँकी हामी ३ भाई दिनेश खतिवडा, दिलिप खतिवडा र दिपक खतिवडा समेतले श्री झापा जिल्ला अदालतमा अंश मिलापत्र गरी मिलापत्र बमोजिम अंश दा.खा. गरी लिएकोमा निज निवेदक श्री झापा जिल्ला अदालतमा भएको मिलापत्रमा मृतक आमाको नाममा अवण्डा रहने सम्पत्तिको विवरण समेत उल्लेख भएको मिलापत्रको प्रतिलिपि र मेचीनगर नगरपालिका वडा नं. १४ को कार्यालय न.नं. ३६५७ मिति २०८१/०१/१२ किटानी सिफारिस राखि निवेदक दिनेश खतिवडाले मृतक आमा सावत्रा खतिवडाको नाममा दुवागढी-९ का कि.नं. १५५१ ज.वि ०-३-१० कि.नं. १५५२ ज.वि. ०-५-१० दुवागढी- ६ कि.नं. २९५ ज.वि. ०२-० कि.नं. २३२ ज.वि. ०-१-१० र कि.नं. २३० ज.वि.०-४-१० जग्गा एकलौटी नामसारी गर्न द.नं. ५९२२५ मिति २०८१/०२/१३ मा माग निवेदन गरेको हुँदा मृतक सावित्रा खतिवडाको हकमा शेषपछिको हकदारहरुमा निवेदक दिनेश खतिवडा बाहेक अरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबीको निवेदन पेश गर्नु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

**बिमालेख हरायो**


भद्रपुरबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१/०१/१० गते मेरो निम्न व्यहोराको रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- रुपम घोष
**ठेगाना**:-भद्रपुर नगरपालिका-६, झापा
**पोलेसी नं.**:- २२५०००००३४९
**कम्पनी नाम**: रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड


**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



| बिर्तामोड सम्पर्क | दमक सम्पर्क: |
|---|---|
| राजुकुमार श्रेष्ठ | देवी सिटौला |
| ९८५२६४६००५, ९८०६०१०४१० | ९८२४९७९१८५, |
| ९८४२६३४६२, ०२३-५४६००५ | ९८४२७६०२६५, |
| | ९८४२३३२४३० |

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : **निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)**

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट शुख मिल्नेछ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आजको दिन शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।